आज मिति २०८२/०९/२१ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बसन्त अधिकारीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ७ को दफा १६ बमोजिम देहायका महानुभावहरुको समुपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थितिः-**

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | श्री बसन्त अधिकारी | अध्यक्ष/प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०२७७७७ | |
| २. | ललित बहादुर घलान | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर | ९८५५०८८२५५ | |
| ३. | श्री मिना कुमारी लामा | नगर प्रमुख | हेटौडा उपमहानगरपालिका | ९८५५०३८५४३ | |
| ४. | श्री विष्णु बहादुर विष्ट | नगर प्रमुख | थाहा नगरपालिका | ९८५५०८९३४५ | |
| ५. | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | कैलाश गाउँपालिका | ९८५५०७७२६६ | |
| ६. | श्री देवकृष्ण पुडासैनी | अध्यक्ष | इन्द्रसरोवर गाउँपालिका | ९८४१४९२३६३ | |
| ७. | श्री हिदम लामा | अध्यक्ष | भीमफेदी गाउँपालिका | ९८५५०६८२८६ | |
| ८. | श्री राजकुमार मल्ल | अध्यक्ष | राक्सिराङ्ग गाउँपालिका | ९८५५०६९४०५ | |
| ९. | श्री रन्जन कालाखेती | अध्यक्ष | मनहरी गाउँपालिका | ९८५५०६७४१४ | |
| १०. | श्री दोर्जे लामा स्याङतान | अध्यक्ष | मकवानपुरगढी गाउँपालिका | ९८४५४६१०८० | |
| ११. | श्री धर्मराज लामिछाने | अध्यक्ष | बकैया गाउँपालिका | ९८४५०५७३२७ | |
| १२. | श्री सर्केश घलान | अध्यक्ष | बागमती गाउँपालिका | ९८५५०७२०७२ | |
| १३. | श्री मोहनराज जोशी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०३०४९५ | |
| १४. | श्री | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर | ९८५५०११२२२ | |
| १५. | श्री निरञ्जन धामी<br>किरण पुडासैनी सेनानी | प्रमुख सेनानी | गोरख बहादुर गण, सुपारेटार ब्यारेक, हेटौडा | ९८५११४१०६३ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १६. | श्री सुवास चन्द्र बोहरा | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | ९८५५०४५५५५ | (हस्ताक्षर) |
| १७. | श्री सन्तोष विक्रम शाह | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुर | ९८५१२७२३९५ | (हस्ताक्षर) |
| १८. | श्री हेमन्त चौधरी | उप-अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मकवानपुर | ९८५५०६७४१७ | |
| १९. | श्री बुद्ध लामा | जिल्ला सभापति | नेपाली काँग्रेस मकवानपुर | ९८५५०७३२२० | |
| २०. | श्री श्रीधर पोखेल | जिल्ला अध्यक्ष | नेकपा एमाले मकवानपुर | ९८५५०७१७१६ | |
| २१. | श्री भीम पाखीन | जिल्ला अध्यक्षज्यू | नेकपा माओवादी केन्द्र मकवानपुर नेपाल कम्युनिष्ट | ९८४५०२९४१७ | (हस्ताक्षर) |
| २२. | श्री भरत पराजुली | जिल्ला सभापति | राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुर | ९८५५०६८२९९ | |
| २३. | श्री विष्णु प्रसाद दाहाल | जिल्ला अध्यक्ष | नेकपा (एस) मकवानपुर | ९८५५०६७३६२ | |
| २४. | श्री शिवराम थापा | जिल्ला अध्यक्ष | राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुर | ९८४५३९१६५९ | |
| २५. | श्री गुरुप्रसाद सापकोटा गुरु कार्की | जिल्ला अध्यक्ष सचिव | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल मकवानपुर | ९८५५०६७३४४ 9845777576 | (हस्ताक्षर) |
| २६. | श्री उत्तम गोम्जा | जिल्ला संयोजक | जनता समाजवादी पार्टी नेपाल मकवानपुर | ९७६१७१५०७० | |
| २७. | श्री आर.आर. सुवेदी | जिल्ला इन्चार्ज (केन्द्रीय सदस्य) | जनमत पार्टी मकवानपुर | ९८४५०२२५८५ | |
| २८. | श्री सन्तलाल भैलो | जिल्ला अध्यक्ष | नेपाल मजदुर किसान पार्टी मकवानपुर | ९८४५०७२७५३ | |
| २९. | श्री अर्जुन पाठक | जिल्ला अध्यक्ष | सचेत नेपाली पार्टी मकवानपुर | ९८६१४८२७२४ | |
| ३०. | श्री मंगल सिं मुक्तान | जिल्ला इन्चार्ज | नेकपा माले मकवानपुर | ९८६१८१८८१४ | |
| ३१. | श्री सुमन गौतम | जिल्ला अध्यक्ष | नेकपा राष्ट्रिय एकता अभियान मकवानपुर | ९८५५०६७७९८ | |
| ३२. | श्री टेकनाथ काफ्ले | अधिकृत सा.तं. | यातायात व्यवस्था कार्यालय, हेटौंडा | ९८५५०६०३८६ | (हस्ताक्षर) |
| ३३. | श्री रमेश प्र. ओझा | बाली विकास अधिकृत | भू तथा जलाधार व्यवस्थापन का., मकवानपुर | ९८४८६२३६९२ | (हस्ताक्षर) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| ३४ | हिम प्रसाद पौडेल | अधिकृत छैटौं | हे.उ.म.न.पा. | ९८४५०२८२२१ | |
| ३५ | विष्णु प्र. ढुंगाना | स.इ. | क्षेत्रीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय निर्माण, एकाई हेटौंडा | ९८५५०६५५५३३ | |
| ३६ | मधुसुधन अधिकारी | कार्यालय प्रमुख | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. हेटौंडा | ९८५५०६६६५२ | |
| ३७ | सुजन भण्डारी | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, मकवानपुर | ९८५५०८४३२५ | |
| ३८ | दिलिप कु. वर्मा | उप प्रबन्धक | नेपाल टेलिकम | ९८५११६६६८८ | |
| ३९ | मिथिलेश कु. गोहिवार | कार्यालय प्रमुख | नेपाल विद्युत प्राधिकरण हेटौंडा | 98654091 | |
| ४० | भव सागर सिंह | प्रमुख व्यवस्थापक | नेपाली कांग्रेस | ९८५५०७१६०० | |
| ४१ | सुदिप तरी | इकाइ प्रमुख | शिक्षा विकास तथा समन्वय इकाइ, मकवानपुर | ९८५५०३०८०१ | |
| ४२ | बालकृष्ण शर्मा अधिकारी | अध्यक्ष | नेपाल पत्रकार महासंघ, मकवानपुर | ९८५५०६०८२० | |
| ४३ | राकेश प्रसाद चन्द्रवंशी | डि.व.अ. | डिभिजन वन कार्यालय मकवानपुर | ९८५५०३६५५३ | |
| ४४ | विना श्रेष्ठ | ज.स्वा.प्र. | जनस्वास्थ्य कार्यालय मकवानपुर | ९८५५०६९३०५ | |
| ४५ | अशोक कुमार झा | वै.क.नि. (सातौं) | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय | ९८४१२८३८०६ | |
| ४६ | रोहित खतिवडा | वन अधिकृत (छ. सातौं) | डिभिजन वन कार्यालय (रातो), मकवानपुर | ९८५५०५९११६ | |
| ४७ | अनिल सापकोटा | अध्यक्ष | गैरसरकारी संस्था महासंघ | 9845029857 | |
| ४८ | ढि. मित्र कुमार राई | नि. प्र. व्यवस्थापक | हेटौंडा औद्योगिक क्षेत्र | 9842245074 | |
| ४९ | यादव सुवेदी | इन्जिनियर | सडक डिभिजन हेटौंडा | 9855075311 | |
| ५० | केशव राज आचार्य | इन्जिनियर | खानेपानी तथा सरसफाइ डिभिजन नं. १ मकवानपुर | 9869477000 | |
| ५१ | रविन गौतम | " | सहरी विकास तथा भवन का. | 9840151087 | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| ५२ | हेमराज पाँडे | कार्यालय प्रमुख | बालगी आवास केन्द्र, मकवानपुर | ९८४५११२००७ | |
| ५३. | सुशान्त लामिछाने | प्र.उ.नि. | म. जाले गा.पा | ९८४५४०२२२२ | |
| ५४ | सुरेन्द्र कु. पुरकोटी | का.प्र.इ. (वि.क्लब प्रमुख) | 〃 | ९८४५०२६३९२ | |
| ५५ | विपिन राज वाग्ले | इन्जिनियर | हे.खा.पा.व्य.बो | ९८४१६२११२५ | |
| ५६. | पुरुषोत्तम पौडेल | प्रहरी नायब निरीक्षक | जिल्ला प्रहरी कार्यालय हेटौंडा | ९८५५०३०१७६ | |
| ५७. | इन्दिरा पौडेल | शा अ. | जि.प्र.का.मकवानपुर | ९८४५६४४०६९ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**मिति २०८२-०९-२१ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति बैठकको निर्णयहरू:-**

१. स्थानीय तह, सुरक्षा निकाय एवं विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवाला निकायहरूबाट प्राप्त सुझावहरू समेटी अद्यावधिक गरिएको मकवानपुर जिल्लाको **शीतलहर आकस्मिक योजना, २०८२** स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

२. श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंबाट मिति २०८२-०९-०८ गते चिसो/शीतलहर पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जारी प्रेस विज्ञप्ति बैठकमा जानकारी गराइयो । सो सम्बन्धमा विज्ञप्ति मार्फत प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने सम्बन्धमा देहायअनुसार गर्ने ।

क. सबै स्थानीय तहहरूले न्यानो लत्ताकपडा र न्यानो गराउने उपकरण तथा सामग्रीहरु तयारी अवस्थामा राखी आवश्यक परेको खण्डमा संकटासन्न समुदायका घरपरिवारलाई वितरण गर्ने एवं जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य केन्द्रित क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाउने,

ख. जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान र सोको आधारमा प्राधिकरणबाट जारी हुने सूचना एवं जानकारीअनुसार आवश्यक कदम चाल्न तयारी अवस्थामा रहने ।

ग. चिसो/शीतलहरबाट बच्ने उपायहरूको बारेमा स्थानीय तहहरूले सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ. स्थानीय तहहरूले जोखिमपूर्ण संकटासन्न समुदायको पहिचान गरी सो समुदायका व्यक्तिहरूलाई आवश्यक परेको खण्डमा न्यानो हुने गरी सार्वजनिक भवन, मठ मन्दिर, घर इत्यादिमा राख्ने प्रबन्ध गर्ने ।

ङ. चिसो/शीतलहरको बेला न्यानो गराउने अन्य विकल्प नभएको खण्डमा स्थानीय तहहरूले जिल्ला विपद् व्यवस्थापन समिति एवं सम्बन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी दाउरा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

३. चालु आर्थिक वर्ष २०८२/०८३ साउन यता जिल्लास्थित विभिन्न स्थानीय तहहरूमा विभिन्न मितिमा विपद्मा परी मृत्यु भएका तपसिलमा उल्लेखित मृतकका हकदारहरूलाई पालिकाबाट उपलब्ध गराईएको राहत रकम प्रति परिवार रु.२,००,०००/-को शोधभर्ना उपलब्ध गराई दिनका लागि आवश्यक कागजात सहित विभिन्न स्थानीय तहहरूबाट अनुरोध भई आएको सन्दर्भमा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ११ बमोजिम सम्बन्धित पालिकालाई शोधभर्ना रकम उपलब्ध गराउने ।

तपसिल:-

| क्र.सं. | मृतकको नाम र ठेगाना | विपदको प्रकृति | राहत उपलब्ध गराउने पालिका | कैफियत |
|---|---|---|---|---|
| १. | विनोद भोम्जन, मकवानपुरगढी-२ | २०८२/५/०६ गतेको अविरल वर्षाको कारण स्थानीय कार्की खोलामा आएको बाढीमा परी मृत्यु | मकवानपुरगढी गाउँपालिका | |
| २. | विशाल ब्लोन, मनहरी-६ | २०८२ भाद्र ३ गते परेको अविरल वर्षासँगै परेको विनाशकारी चट्याङ लागि मृत्यु भएको | मनहरी गाउँपालिका | |
| ३. | लिलाराम जिम्बा, बकैया ५ | २०८२ भाद्र २० गतेको घर आगलागीमा परी मृत्यु | बकैया गाउँपालिका | |

४. श्री हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाको च.नं. ९९६८, मिति २०८२-०३-२२ को पत्रबाट "*हेटौडा उपमहानगरपालिका वडा नं. ८ को कि.नं. २६३ को क्षेत्रफल २-६-१४ र कि.नं. ४५० को क्षेत्रफल ०-१०-११.५ गरी जम्मा क्षेत्रफल २-१७-५.५ जग्गा फिल्डबुकमा बगर र खोल्सी उल्लेख भएको सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरले भोग चलनको लागि माग गरेकोमा ८ नं. वडा कार्यालयको सिफारिस समेतको आधारमा क.नं. २६३ को पूर्व कि.नं. १७११४, १७६२५, १४०६८ समेत २० कित्ता जग्गा, पश्चिम कि.नं. २२२९९, ११९८४, १५७१ समेत १५ कित्ता जग्गा, उत्तर कि.नं. ४५० को बगर र दक्षिण कि.नं. ४४७ समेत ५ कित्ता जग्गा तथा कि.नं. ४५० को पूर्व कि.नं. ४१६, पश्चिम कि.नं. २२४३४, उत्तर कि.नं.४५१ र दक्षिण कि.नं. २६३, २२११३, २२२९८ र २२२९९ यति चार किल्ला क्षेत्रफलभित्रको जम्मा २-१७-५.५ जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को व्यवस्था बमोजिमको प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने मिति २०८२-०३-०७ गतेको नगर कार्यपालिकाको निर्णयानुसार उपरोक्त उल्लेखित जग्गाको नियमानुसार लिजको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ*" भनी लेखी आएको । साथै, श्री जिल्ला प्रहरी कार्यालय (प्रबन्ध शाखा), मकवानपुरको च.नं. ८३६१, मिति २०८२-०३-१५ को पत्रबाट "*थाहा नगरपालिका वडा नं. ३, थानाबजार स्थितमा वि.सं. २०३० सालदेखि इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुर सञ्चालनमा रहेता पनि उक्त प्रहरी कार्यालयको हालसम्म आफ्नो नाममा जग्गा नरहेको हुँदा कार्यालय भवन नभई कार्यालय सञ्चालन तथा दैनिक कार्य सम्पादनमा अति नै कठिनाई भइरहेको हुँदा साबिक शिखरकोट गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ३३९ क्षेत्रफल ज.रो.१-४-३-० र सो देखि उत्तर तर्फ र इन्द्रेणीचौर जाने सडकको दक्षिण तर्फ रहेको जग्गाको क्षेत्रफल ज.रो.०-१३-०-० को ऐलानी जग्गामा इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरको भवन निर्माण गर्न दिने भनी थाहा नगर कार्यपालिकाको मिति २०८२-०३-०३ को बैठकबाट सर्वसम्मत निर्णय भएको हुँदा इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरको लागि जग्गा प्राप्तिको आवश्यक प्रकृया अगाडि बढाईदिने तर्फ व्यवस्था हुन सादर अनुरोध छ*" भनी लेखी आएको सन्दर्भमा श्री सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा., मकवानपुरलाई लिजमा उपलब्ध गराउने भनिएको साथै इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरले प्राप्त गर्ने भनिएको माथि उल्लेखित कि.नं. र क्षेत्रफलका

जग्गाहरू विपद्का दृष्टिकोणले जोखिमयुक्त रहे, नरहेको र जिल्ला विपद् व्यवस्थापन समितिलाई भविष्यमा विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने, नपर्ने सम्बन्धमा मिति २०८२/०४/०६ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार तत्कालीन जिल्ला समन्वय अधिकारी श्री शान्ति विश्वकर्माको संयोजकत्वमा गठित समितिको प्रतिवेदन समेतको आधारमा उल्लेखित जग्गाहरु विपद जोखिम क्षेत्रमा नपर्ने र विपद व्यवस्थापनको लागि आवश्यक नपर्ने देखिएकोले **सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९** दफा ८ र ९ बमोजिमको प्रकृया अगाडि बढाउन पत्राचार गर्ने निर्णय गरिएकोमा सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. श्री राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय हेटौडा, मकवानपुरको च.नं. ५५१, मिति २०८२-०८-२१ को पत्रबाट "*राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौडा, मकवानपुरको भवन निर्माण सहित कार्यालय व्यवस्थापनका लागि हेटौडा उपमहानगरपालिकाको मिति २०७९-०३-३२ को निर्णय तथा हेटौडा नगर विकास समितिको २०८०-१०-०३ को निर्णय बमोजिम हेटौडा उपमहानगरपालिका वडा नं. ८ कमाने स्थित कित्ता नं. १३४१ को जग्गाबाट ०-४-८ (चार कठ्ठा आठ धुर) जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम उपयोग गर्न सिफारिस भएकोमा उक्त जग्गा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने भनी सम्बन्धित निकायमा सिफारिस गरिदिने व्यवस्थाका लागि कागजात सहित पेश गरिएको व्यहोरा सादर अनुरोध छ*" भनी लेखी आएको र मिति २०८२-०६-२७ को हेटौडा नगर विपद् व्यवस्थापन समितिको बैठकबाट उल्लेखित जग्गा राष्ट्रिय परीक्षा बोर्डलाई उपलब्ध गराउने भवन निर्माण गर्दा विपद्को समस्या नरहेको साथै हेटौडा उपमहानगरपालिकालाई उक्त जग्गा आवश्यक नपर्ने व्यहोरा समेत निर्णय भएको सन्दर्भमा श्री राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालय, हेटौडा, मकवानपुरलाई लिजमा उपलब्ध गराउने भनिएको माथि उल्लेखित कि.नं. र क्षेत्रफलको जग्गा विपद्का दृष्टिकोणले जोखिमयुक्त रहे, नरहेको र जिल्ला विपद् व्यवस्थापन समितिलाई भविष्यमा विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने, नपर्ने सम्बन्धमा स्थलगत अध्ययन तथा प्रतिवेदन पेश गर्न जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरका जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तहको इन्जिनियर र पूर्वाधार विकास कार्यालयको अधिकृत प्रतिनिधि सदस्य रहेको स्थलगत अध्ययन तथा प्रतिवेदन समिति गठन गर्ने र उक्त समितिबाट प्राप्त प्रतिवेदनको आधारमा आगामी बैठकबाट निर्णय गर्ने ।

६. मकवानपुर जिल्लामा पछिल्लो समय सवारी दुर्घटनाका घटनाहरूमा वृद्धि भएको सन्दर्भमा सो को न्यूनीकरण गरी जनधनको क्षति हुन नदिन सबै स्थानीय तहहरू, सडक डिभिजन कार्यालय र सम्बन्धित सडक योजना/आयोजना कार्यालयहरूले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडकहरूको नियमित मर्मत सम्भार एवं नजिकको प्रहरी इकाइ वा ट्राफिक प्रहरीसँग समन्वय गरी चिन्ह तथा संकेत, गति नियन्त्रक, CCTV जडान, Iron Bar राख्ने व्यवस्था मिलाउने ।

७. सडक डिभिजन, हेटौडाद्वारा मिति २०८२-०८-०५ मा प्रकाशित हेटौडा उपमहानगरपालिकाको रातोमाटेदेखि बुद्धचोक हुँदै रासी पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म सडक विस्तार सम्बन्धी सूचना बमोजिम मिति २०८२-०८-२० गते सडक सीमाभित्र पर्ने घर टहराहरू भत्काइएको । सम्मानित सर्वोच्च अदालतबाट पछिल्लो पटक प्राप्त आदेश बमोजिम सडक विस्तार सम्बन्धी उक्त कार्य केही समयको लागि स्थगित गरिएको

। अधिकांश घरधनीहरूबाट स्वस्फूर्त रूपमा भत्काइएका आफ्ना घर टहराहरूको व्यवस्थापन गर्ने कार्य भइरहेता पनि केही घरधनीहरूले डोजर एक्साभेटर लगाउँदा भत्किएको जोखिमयुक्त घर टहरामा केही व्यक्तिहरूलाई व्यापार व्यवसाय सञ्चालन गर्न दिँदा घरधनी, व्यावसायी र सर्वसाधारण जोखिममा पर्न सक्ने हुँदा त्यस्ता भत्किएका जोखिमपूर्ण घर टहरामा बसी केही व्यक्तिहरूबाट व्यापार व्यवसाय सञ्चालन भइरहेको सन्दर्भमा त्यस्ता जोखिमपूर्ण संरचनामा रही व्यापार व्यवसाय नगर्न, नगराउन र त्यसरी घर टहरा भत्किए पश्चात्को जोखिमपूर्ण अवस्थामा रहेका संरचनाहरूमा रही व्यापार व्यवासय सञ्चालन गर्दा हुनसक्ने विपद्जन्य घटनाको जिम्मेवार स्वयं घरधनी हुने एवं जोखिमपूर्ण अवस्थामा रहेका संरचनाहरू व्यवस्थापन गर्ने सिलसिलामा सम्बन्धित घरधनीहरूले कामदार जनशक्तिको सुरक्षालाई उच्च प्राथमिकता दिन अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

८. मिति २०८२-०९-१९ गते मकवानपुर जिल्ला, भीमफेदी गाउँपालिका वडा नं. ६ स्थित जुरीखेतमा भएको सडक दुर्घटनामा परी ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

९. दूर सञ्चार प्रदायक संस्थाले टावर बनाउँदा (अर्थिङ्ग गर्दा नियमित नगर्ने) वर्षैपिच्छे गर्नुपर्ने नियमित प्राविधिक परीक्षण समेत नगर्दा हरेक वर्ष चट्याङ्गबाट मानवीय लगायत पशुचौपाया समेतको क्षति हुने गरेकोले दूर सञ्चार प्रदायकलाई नियमित अर्थिङ्ग गर्ने प्राविधिक परीक्षण र निरीक्षण गर्ने व्यवस्था मिलाउन लेखी पठाउने ।

१०. श्री इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी, मकवानपुरको च.नं. ६०३, मिति २०८२-०९-१६ को पत्रबाट इन्द्रसरोवर गाउँपालिकाको सुकौरा खोला खानिखेत क्षेत्रमा तटबन्द निर्माण कार्य गर्न M/s Sworup / Yeti Nepal-JV लाई ठेक्का स्वीकृत भई निर्माण कार्य अघि बढ्ने क्रममा रहेको र उक्त तटबन्ध निर्माण कार्यका लागि आवश्यक ढुंगा सोही खोलाको कुलोमुहान देखि गाउँपालिका पुलसम्मको क्षेत्रबाट मात्र झिक्ने गरी तटबन्ध निर्माण कार्य गर्नको लागि ठेकेदारलाई १००० (एकहजार) घनमिटर ढुंगा नियमानुसार राजस्व तिरेर प्रयोग गर्न सक्ने व्यवस्था मिलाई दिनका लागि स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२-०९-०८ को निर्णय तथा कार्यपालिकाको मिति २०८२-०९-०९ को निर्णय समेत राखी अनुरोध भई आएको सन्दर्भमा उक्त कार्य विपद् जोखिमका दृष्टिकोणले समेत आवश्यक देखिएकोले प्रचलित ऐन, कानून, कार्यविधि र मापदण्डभित्र रही गर्न, गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई लेखी पठाउने ।